प्राथमिक तथा निमाबिमा पढ्ने बच्चा भएका परिवारलाई

新宿区 SHINJUKU CITY

# विद्यालय सामाग्री खर्च सहयोग स्वरूप विशेष रकम भुक्तानी बारेको सूचना

- सिन्ज्युकु-कु शिक्षा समितिले, महँगीलाई ध्यानमा राखी आपतकालिन उपायको रुपमा, विद्यालय जाने उमेरका बच्चाहरूको लागि, विद्यालय सामाग्री खर्च सहयोग स्वरूप विशेष रकम (**एक जना बच्चाको लागि 20 हजार येन**) भुक्तानी गरिने छ।
- सहयोग रकम प्राप्त गर्नको लागि, **निवेदन दिन आवश्यक हुन पनि सक्छ**।
- विस्तृत विवरणको लागि, **डिसेम्बर 26 तारिख (सोमवार)** का दिन पठाइने सूचना-पत्र हेर्नुहोस्।



## सहयोग रकम प्राप्त गर्न सक्ने लक्षित व्यक्ति / निवेदन प्रक्रियाको बारेमा (फ्लोचार्ट)

**① 2007 अप्रिल 2 तारिख देखि 2016 अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा**

छ → ②

छैन → **रकम प्राप्त गर्न अयोग्य**

**② लक्षित बच्चा, 2022 डिसेम्बर 9 तारिख (आधार मिति) को दिन सम्म सिन्ज्युकु-कुमा ठेगाना दर्ता भइरहेको ※**

छ → ③

**③ लक्षित बच्चाको बालबालिका भत्ता सिन्ज्युकु-कु बाट प्राप्त गर्दै आएको**

हो → **④ 2023 जनवरी 31 तारिख (मङ्गलवार) का दिन बालबालिका भत्ता जम्मा हुने बैंक खातामा रकमान्तर गर्ने योजना छ।** **निवेदन प्रक्रिया चाल्नु आवश्यक छैन।**

होइन → **④ निवेदन प्रक्रिया चाल्नु आवश्यक छ**

◆ **निवेदन दिने तरिका**

✓ **सूचनापत्रका साथ पठाइएको रुजू फाराम भरी, आवश्यक कागजात संलग्न गरी, फिर्ती खाममा राखि, हुलाक मार्फत पठाउनुहोस्।**

◆ **निवेदन बुझाउने अन्तिम म्याद**

**2023 फेब्रुअरी 28 तारिख (मङ्गलवार)**

हुलाक छाप मान्य

◆ **रकमान्तर गर्ने अनुमानित दिन**

✓ पछि छुट्टै पठाइने सहयोग रकम स्वीकृत भएको जानकारी दिने पत्र मार्फत रकमान्तर हुने दिनको सूचना दिइने छ।

**※ परामर्शको गर्नुहोस्**

घरेलु हिंसा (DV) आदिको कारणबाट आश्रय लिइरहेको कारणबाट सिन्ज्युकु-कु मा ठेगाना दर्ता नभएका व्यक्तिले, देहायको "कल सेन्टर" मा सम्पर्क गरी परामर्श लिनुहोस्।

## सम्पर्कको लागि

**सिन्ज्युकु-कु, विद्यालय सामाग्री खर्च सहयोग स्वरूप विशेष रकम भुक्तानी कल सेन्टर**

**☎0120-005-885 (निःशुल्क)**

खुल्ने समय : कार्यालय खुल्ने दिन बिहान 8:30 देखि दिउसो 5 बजे सम्म

सिन्ज्युकु-कुको होमपेज हेर्ने यहाँ ↓